# बालहितकारी परियोजना नेपालको सामाजिक परीक्षण कार्यक्रम

मितिः २०८१ माघ १८ गते, शुक्रबार

सहजकर्ता

निकिता कोइराला

९८४६३२४४५०

## सामाजिक परीक्षण कार्यक्रमको प्रतिवेदन:

| | |
|---|---|
| **शिर्षक** | बालहितकारी परियोजना नेपालको सामाजिक परीक्षण कार्यक्रम |
| **सस्थाको नाम** | बलहितकारी परियोजना नेपाल |
| **ठेगाना** | पोखरा १५, जनशक्तिमार्ग |
| **कार्यक्रम स्थल** | बालहितकारी परियोजना नेपालको सभाहल |
| **सम्पन्न मिति** | २०८१ माघ १८ गते, शुक्रबार |
| **समय अवधि** | ३:३० घण्टा (विहान ८:३० देखि १२:०० बजे सम्म) |
| **सामाजिक परीक्षणको उद्देश्य** | संस्थाले संचालन गरेका कामको नतिजा वा उपलब्धिहरुले समाजमा पारेको प्रभावलाई जनताको नजरबाट मूल्यांकन गराई संस्थाको पारदर्शिता र विश्वासनियता बढाउनुका साथै संस्थालाई थप परिस्कृत गर्नका लागि आएका सल्लाह तथा सुझाब लिई कार्यान्यवन गर्नु हो । |
| **सहभागी संख्या** | ५४ जना (२९ महिला ,२५ पुरुष ) |
| **सभाध्यक्ष** | रामचन्द्र शर्मा |
| **सहजकर्ता** | निकिता कोइराला |

**"सामाजिक परीक्षण"** भन्नाले कुनै पनि सरकारी निकाय तथा गैर सरकारी संस्थाको योजना, नीति, कार्यक्रम, सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

### सामाजिक परीक्षण सम्बन्धी व्यवस्था

- कुनै पनि संस्थाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाका लागि  वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ ।
- सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम , आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।
- संस्थाले प्रत्यक्ष सम्बन्ध नभएका कुनै बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ। कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिनेछ ।
- ‘‘सामाजिक उत्तरदायित्व प्रवर्धन निर्देशिका २०७७’’ र बालगृह संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अन्तरगत रहेर यो सामाजिक परीक्षण तयार गरिएको हो ।

### सामाजिक परीक्षणको अध्ययन विधि तथा सामाग्री :

- अन्तरवार्ता र समुह छलफल

- ➢ स्थलगत अध्ययन
- ➢ प्रतिवेदनहरू
- ➢ संस्थाको विधान÷ प्रबन्धपत्र, कार्यविधिहरू र निर्देशिकाहरू
- ➢ सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- ➢ सेवाग्राहीसँगको छलफल

**<u>सामाजिक परीक्षणमा छलफल गरिएका विषयवस्तुहरु</u>**

- सामाजिक लेखाजोखाको संक्षिप्त परिचय र उद्देश्य
- संस्थाको बारेमा संक्षिप्त परिचय
- लक्ष्य
- उद्देश्यहरु
- संस्थाका पदाधिकारी, कर्मचारी र सेवार्थीहरुले पालना गर्नुपर्ने आचार संहिताहरु
- संस्थागत सुशासन
- संस्थाबाट सेवाग्राहीले प्राप्त गरेको सेवा सुविधा
- संस्थाका उपलब्धिहरु
- सबल पक्षहरु
- खर्चको विवरण
- कर्मचारीले अनुभव गरेका समस्या
- भावि योजनाहरु
- सरोकारवालाको भनाई
- जिज्ञासा र सल्लाह सुझावहरु
- कार्यक्रमका मुख्य झलकहरु

**क) <u>संस्थाको संक्षिप्त परिचय</u>**

कास्कीको सैमरङ, भाचोक, मिजुरेडाँडा र लमजुङगको पसगाँउमा १४ वटा शिशु स्याहार, स्वास्थ्य केन्द्रको स्थापनाबाट आफ्नो कर्मको थालनी गरी बालबालिका, महिला तथा सिमान्तकृत संस्थागत लक्ष्य अनुसार आफ्ना विभिन्न कार्यक्रमहरु मार्फत बालसंरक्षण, शिक्षा, स्वास्थ्य, अपाङ्गता तथा आकस्मिक सहयोग जस्ता विषयगत क्षेत्रमा सेवारत मुनाफा रहित एक गैर सरककारी संस्था हो ।

- ➢ दर्ताः जिल्ला प्रशासन कार्यालय काठमाण्डौ<br>जिल्ला प्रशासन कार्यालय कास्कीमा स्थान्तरण
- ➢ दर्ता नम्बरः ७३३/ ०५३।५४ (स्थान्तरण अभिलेख दर्ता नं.४४२३, ०७८-७९ पछी कायम)
- ➢ दर्ता मिति : २०५४ साल जेष्ठ ७ गते
- ➢ समाज कल्याण परिषद्मा दर्ता न : ६७९६

➢ समाज कल्याण परिषद्मा आवद्धता मिति : २०५४ साल माघ २३ गते

**परिकल्पना**

बालबालिका र युवाहरूमा अधिकार र कर्तव्यको बोध भएको तथा गुणस्तरीय सेवामा पहुँच भएको सबल  र दिगो समुदाय सहितको समाज निर्माण गर्नु ।

**लक्ष्य**

बालबालिका र युवाहरूको अधिकार सुनिश्चित गर्दै उनीहरूलाई गुणस्तरीय सेवाहरू प्रदान गरी तथा उनीहरूमा सकारात्मक परिवर्तन ल्याई समाज र परिवारमा जीवनयापन गर्ने अवसर प्रदान गर्ने ।

**उद्देश्यहरु**

- समान अवसरबाट बञ्चित बालबालिका एवम् किशोर किशोरीहरुलाई सीपमूलक तालिम प्रदान गर्ने ।
- बालअधिकार सम्बन्धि सामाजिक सचेतना अभिवृद्धि गर्ने ।
- स्थानीय स्रोत साधन एवम् प्रविधिको परिचालन गरी ग्रामिण क्षेत्रका बालबालिकाको सर्वोपरी विकाशमा टेवा पुर्‍याउने ।
- संस्थागत आत्मनिर्भरताका लागि मानवीय संसाधन र पुँजी स्रोतलाई विकास गरी आत्मनिर्भर गर्ने गराउने ।
- परम्परागत ज्ञान, सीप, स्रोत, प्रविधिको खोजी गरी वातावरण संरक्षण र बैकल्पिक श्रोतको विकास र उपयोगमा प्रोत्साहित गर्ने गराउने ।
- समूह बचत गर्ने बानी बसाल्ने, आय आर्जन र सामूहिक ऋणको कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- बालविकास केन्द्र, औपचारिक तथा अनौपचारिक शिक्षा एवम् तालिम सञ्चालन तथा प्रवर्द्धन गर्ने गराउने ।
- उल्लेखित उद्देश्य परिपूर्तिका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्वीकृति सम्बन्धित निकायहरुबाट लिएर मात्र कार्यक्रम सञ्चालन गरिनेछ ।
- जोखिममा परेका बालबालिका, संरक्षक विहिन बालबालिका, सडक बालबालिका तथा अत्यन्त जेहेन्दार र गरिव बालबालिकाहरुको शिक्षा, दिक्षा, लालन, पालन र तालिमका विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।
- यस संस्थाले बालगृह सञ्चालन गर्न सक्नेछ ।

**ख) संस्थाका कर्मचारी तथा पदाधिकारीको आचारसंहिता**

- बालअधिकारको संरक्षण
- शुसासनमा जोड
- भेदभाव रहित
- प्रेमपुर्ण वातावरण
- सरकारी निति नियमको पालना
- काम प्रति बफादार
- सहयोगी भावना

**ग) संस्थागत सुशासन**

संस्थाका साधारण सदस्यः १७ जना
आजिवन सदस्य : ४ जना
मानार्थ सदस्य : १ जना
कार्यसमिति सदस्य संख्याः ८ जना
यस वर्ष कार्यसमितिको बैठकः ८ पटक
व्यवस्थापन समिति बैठकः ६ पटक
कार्यकाल अबधि : २ बर्ष

**संस्थाले अवलम्वन गरेका नीतिहरु तथा कार्यविधीहरु :**

- बालहितकारी परियोजना नेपालको बिधान
- बाल संरक्षण सम्बन्धि मापदण्ड,२०८०
- बालहितकारी परियोजना नेपालको संरक्षण नीति
- बाल संरक्षण नीति,
- कर्मचारी नियमावली
- आर्थिक नियमावली
- **लैगीक तथा समावेशीकरण निति**
- **भ्रष्टाचार विरुद्ध निति**

**संस्थागत आवद्धता**

- जिल्ला प्रशासन कार्यालय, कास्की

- समाज कल्याण परिषद्, काठमाण्डौं
- राष्ट्रिय बाल अधिकार परिषद्, काठमाण्डौं
- पोखरा महानगरपालिका , कास्की
- गै.स.स, कास्की
- NAOSC (सडक बालबालिकाको राष्ट्रिय सञ्जाल )
- CZZOP (बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान)
- Consortium Nepal (कन्सोर्टियम नेपाल)
- NCPA (राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल)
- RI Global International

**संस्थागत पारदर्शिताको लागी अवलम्वन गरिएका प्रयासहरु**

- नियमित रुपमा कार्यसमितिको वैठक, वार्षिक साधारणसभा र विधान बमोजीम महाधिवेशन हुने गरेको ।
- आर्थिक तथा सामाजिक परीक्षण नियमित रुपमा गरिएको ।
- आन्तरिक नियन्त्रण प्रणलीलाई विकास गरि कार्यन्वयनमा ल्याईएको ।
- संचालित कार्यक्रमहरु सम्वन्धीत निकायहरुवाट अनुमोदन गर्ने गरिएको ।
- सक्रिय लेखा समिति निर्माण गरिएको ।
- संस्थागत संचालित कार्यक्रमको नियमित अनुगमन, मुल्यांकन एवं लेखाजोखाको व्यवस्था गरिएको ।
- संस्थागत पारदर्शिताको लागि आवश्यक नितिहरु निर्देशिका र नियमावली कार्यन्वयनमा ल्याईएका ।

**घ) संस्थाका सरोकारवालाहरु :**

- सेवा प्राप्त गर्ने बालबालिका
- बालबालिकाका अभिभावक तथा आफन्तहरु
- कार्यक्षेत्र भित्रका नागरिक
- संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार
- जिल्ला प्रशासन, शिक्षा महाशाखा,
- जिल्ला प्रहरी, स्वास्थ्य कार्यालय,
- बाल समुह, आमा समुह, युवा समुह, टोल विकास संस्था,
- विभिन्न संघ संस्थाहरु
- राजनीतीक दल,

- मानव अधिकारवादी संस्था,
- विद्यालयहरु आदी.....................।

**ङ) संस्थाद्धारा संचालित परियोजनाहरु :**

| क सं | परियोजनाको नाम | सहयोगी संस्था (दातृ निकाय) | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | ज्योति संरक्षण तथा विकास कार्यक्रम अस्थाई संरक्षण सेवा | किडाशा, राष्ट्रिय बालअधिकार परिषद् र पोखरा महानगरपालिका | पोखरा |
| २ | जीवन उपयोगि सीप शिक्षा | किडाशा | पोखरा |
| ३ | अपाङ्गता भएका बालबालिकाहरुको पुनर्स्थापनाको लागि क्षमता अभिवृद्धि कार्यक्रम | Hongkong Society for Rehabilitation (HKSR) | पोखरा |
| ४ | समुदायमा आधारित बालसंरक्षण परियोजना | किडाशा | पोखरा |
| ५ | आशा स्वास्थ्य सेवा (UHC – 15) | बालहितकारी परियोजना नेपाल, पोखरा महानगरपालिका वडा नं.१५ | पोखरा |

**च) बालगृह तर्फको विवरण :**

१) संस्थामा २५जना बालकहरु रहेका छन् ।

- *संस्थामा केही समयदेखि लगातार बस्दै आएका बालकको संख्या : २३ जना*
- *सडकमा र संस्थामा तिव्र रुपले आउने जाने बालकको संख्या : २ जना*

**२) जातिय विवरणहरु :**

| जात | बालकको संख्या |
|---|---|
| क्षेत्रि | १ जना |
| जनजाती | १० जना |
| दलित | १४ जना |

**३) धर्मको विवरण :**

| धर्म | बालकको संख्या |
|---|---|
| हिन्दु | २१ जना |
| बौद्ध | २ जना |
| इसाइ | १ जना |

- *आफ्नो धर्म र जिल्ला थाहा नभएका बालबालिकाको संख्या : १ जना*

**४) उमेरगत विवरण :**

| ० - ५ वर्ष | ६ -१० वर्ष | ११ -१५ वर्ष | १६-१८ वर्ष |
|---|---|---|---|
| ० | ५ जना | १६ जना | ४ जना |

**५) . पारिवारिक विवरण :**

- बुवा आमा दुबै जीवित भएका बालबालिकाको संख्या : ११ जना
- बुवा आमा दुबै जीवित नभएका  बालबालिकाको संख्या : ३ जना
- बुवा मात्र भएका बालबालिकाको संख्या :  १०  जना
- आमा मात्र भएका बालबालिकाको संख्या : १ जना

- *अभिभावक अपाङ्गता भएका बालबालिकाको संख्या : १ जना (बुबा)*

बालबालिकाका अभिभावकहरुको आम्दानीको स्रोतको रुपमा कृषि , ज्यालादारी , माग्ने काम आदी रहेको ।

**६) प्रदेशगत विवरण :**

| क्र.स | जिल्ला | संख्या | |
|---|---|---|---|
| १ | कास्की | ३ जना | गण्डकी प्रदेश : १७ जना |
| २ | स्याङ्जा | १ जना | |
| ३ | म्याग्दी | ५ जना | |
| ४ | बाग्लुङ | २ जना | |
| ५ | तनहुँ | ३ जना | |
| ६ | नवलपरासी | ३ जना | |
| ७ | सिन्धुली | १ जना | बाग्मती प्रदेश : ३ जना |
| ८ | धादिङ्ग | २ जना | |

| | | | |
|---|---|---|---|
| ९ | खोटाङ्ग | १ जना | कोशी प्रदेश : १ जना |
| १० | पाल्पा | १ जना | लुम्बिनी प्रदेश : ३ जना |
| ११ | प्युठान | २ जना | |

**संस्थामा कास्की जिल्लाका मात्र ३ जना बालकहरु रहेका छन् ।**

| पोखरा महानगरपालिका | मादी गाउँपालिका |
|---|---|
| २ बालक | १ बालक |

**७) कक्षागत विवरण :**

| **कक्षा** | **शिशु देखि ५ कक्षा** | **६ देखि ८ कक्षा** | **९ देखि १२ कक्षा** |
|---|---|---|---|
| **संख्या** | १६ जना | ५ जना | ० |

- *विद्यालय भर्ना नगरिएका बालबालिकाको संख्या : ४ जना मात्र*

**छ) स्थलगत अवलोकनका विवरण :**

- ३१ जना बालबालिकालाई पुर्नस्थापना गरिएको र १९ जनालाई कानुनी पहिचानको लागि सहयोग गरेको ।
- २ हजार १ सय ६४ जना किशोरकिशोरीहरुलाई ३० घण्टे जीवन उपयोगी सिप शिक्षा कक्षा संचालन गरेको ।
- ६४ जना सम्पर्क शिक्षकहरुमा जीवन उपयोगी सिप शिक्षा सहजीकरण गरिएको ।
- ३० बिद्यालयलाई सूचना पाटी, खेलकुद सामग्रीहरु तथा शैक्षिक सामग्रीहरु सहयोग गरेको ।

- ३० बिद्यालयका १ हजार ५सय १९ जना अभिभाबकहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको ।
- पोखरा महानगरपालिकाका ३३ सै वडामा वडा बाल संरक्षण समिति गठन गर्नुका साथै १२ वटा बाल क्लब दर्ता गर्न पनि सहजिकरण गरेको ।
- १५ जना बौद्धिक अपाङ्गता, ७ जना अटिजम र ८ जना मस्तिष्क पक्षघात भएका बालबालिकाको दैनिक क्रियाकलाप र सहभागितामा सुधार ल्याउनका लागि हेरचाहकर्ता वा संरक्षकहरुलाई पुनर्स्थापना सम्बन्धमा अभिमुखिकरण तथा क्षमता अभिबृद्दि कार्यक्रमा सहभागि गराएको ।
- तनहुँ जिल्लाका शुक्ला गण्डकी, व्यास नगरपालिका तथा म्याग्देका अपाङ्गता भएका ७ सय २ जना व्यक्तिहरुलाई उनीहरुको अधिकार तथा आपाङ्गता परिचय पत्रको बारेमा सचेतना कार्यक्रम संचालन गरेको जसमा २ सय ३३ जना अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र प्राप्त गर्न सफल भएका ।
- अपाङ्गता भएका बालबालिका तथा उनिहरुको परिवारसँग गृहभेट, मनोपरामर्श, औषधी, पैरवि, परिवारिक पारस्परिक समुह गठन र बैठक गर्ने गरेको ।

**ज) <u>प्रत्यक्ष दोहोरो जाँच प्रमाणिकरण</u>**

***परियोजना: ज्योति संरक्षण तथा विकास कार्यक्रम/अस्थाई संरक्षण सेवा***

**१. समूह : बालगृह भित्र भएका बालकहरु**

**<u>अनुभव/भनाई :</u>**

- बुवा आमाले दिनहुको झै-झगडा गर्ने, घरमा अभिभावकको
- कुटाई र नराम्रो बचन सहन नसकेर, साथीको लहिलहैका कारण सडकमा आएका बताए ।
- संस्थाको गृहमा बसिरहदा आफूहरुले औपचारिक तथा अनौपचारीक शिक्षा पाईरहेको ।



- संस्थाका कर्मचारीहरुले माया गर्नुहुन्छ तर कहिलेकाहि साथीहरु साना साना कुरामा पनि झै झगडा गर्ने गर्छन् ।
- स्वास्थ्य उपचारको सुविधा पाएको ।
- मनोञ्जनका लागि आउट डोर गेम अन्तरगत टेवल टेनिस, फुटसल जस्ता खेलहरु र इनडोर गेमहरुमा क्यारमबोड, चेस, लुडो तथा टाय्व जस्ता साम्रागीहरुको उचित प्रयोग गरिएको ।
- केही महिना देखि म्यूजिक कक्षा संचालन भइरहेको ।
- प्रत्येक शुक्रबार जीवन उपयोगि शिक्षा पनि पाइरहेको ।
- अतिरिक्त क्रियाकलापमा लगायत विभिन्न तालिममा सहभागि हुने अवसर पाएको ।

- भविष्यमा फुटबलर, आर्मि, पुलिस, मेकानिक, व्यापारी, शिक्षक बन्ने सपना रहेको ।

**संस्थासँग बालबालिकाको अपेक्षा :**

- फुटसल कोटलाई अलि ठूलो बनाउँदा आफूहरुले भलिबल पनि खेल्न पाउने हुदाँ आफूहरु झ्न खुसी हुने ।

***परियोजनाः ज्योति संरक्षण तथा विकास कार्यक्रम/अस्थाई संरक्षण सेवा***

**२. समूह : अभिभावक तथा आफन्तहरु**

- अनुभव/भनाई :
- परिवारकै साथमा हुदाँ पनि पारिवारिक वातावरण पाउन नसकेर
- सडकमा आएका बालबालिकाले संस्थाबाट शिक्षा, स्वास्थ्यकर खाना
- तथा पारिवारिक वातावरण पाएको ।
- सेवाग्राहिलाई मात्र नभएर उसको परिवार आफन्तलाई पनि आवश्यकता अनुरुप संस्थाले केहि आर्थिक तथा खाद्यान्य सहयोग गरेको ।
- जन्मदर्ता बनाउनका लागि आवश्यकता अनुसार आर्थिक सहयोग गर्ने गरेको ।
- बालबालिकालाई विभिन्न तालिमहरुमा सहभागि हुने अवसर प्रदान गरेको ।
- संस्थाको आश्रयमा आएपछि आफ्नो छोरामा आएको सकरात्मक परिवर्तन जस्तैः चुरोट खाने बानीमा सुधार, पैसा नचोर्ने, परिवारसँग घुलमिल हुन खोज्ने, रिसाउने झर्किने बानीमा कमि आएकोले आफू एकदमै खुशी र ढुक्क भएको ।



- आफ्नो जस्तो सडकमा आएका बालबालिकालाई सुधारेर असल नागरिक बनाउन सहयोग गरेकोमा संस्था प्रति आभारी रहेको ।

**संस्थासँग अपेक्षा**

- विभिन्न कारणले सडकमा आएका बालबालिकालाई निरन्तर यस्तै सहयोग भईरहोस् ।
- गरिवीको कारण सडकमा आएका बालबालिकालाई परिवारमा पुनस्थापना पछि पनि उच्च शिक्षा तथा सिपमूलक तालिम प्रदान गरी रोजगारीमा सहयोग गरोस् ।

***परियोजनाः जीवन उपयोगि सीप शिक्षा***

### ३. समूह : शिक्षकहरु

**अनुभव/भनाई :**

- विगत ३ वर्ष देखि संस्था विद्यालयसँग जोडिएको छ। पहिला पहिला संस्थाकै कर्मचारी ( मिसहरु) ले विभिन्न जीवन उपयोगि विषयमा कक्षा लिने गरेको।
- 
  हाल नियमित रुपमा जीवन उपयोगी सीप शिक्षा कक्षा नभएता पनि शिक्षकहरुले आफ्नो कोर्समा कसरी हुन्छ जोड्ने कोसिस गरेको।
- संस्थाले विद्यालयका २ शिक्षकलाई पनि जीवन उपयोगि सीप शिक्षाको तालिममा सहभागि गराएको।
- संस्था र शिक्षा शाखाको समन्वयमा १२० जना शिक्षकहरु मध्ये १२ जना शिक्षकहरुलाई TOTतालिममा सहभागि हुने अवसर प्रदान गरेको।
- TOT तालिम पश्चात ४ वटा विद्यालयमा जीवन उपयोगि सीप शिक्षाका बारेमा सहजीकरण गर्नुपर्ने जिम्मवारी तोकिएका कारण आफ्नो कोर्ष सम्पन्न गर्न कठिन पर्ने देखिएको ।
- जीवन उपयोगी सीप शिक्षाको कक्षा लिएपछि धेरै विद्यार्थीहरुको बानी व्यवहारमा सकरात्मक परिवर्तन आएको आफू शिक्षकहरु तथा अभिभावकहरुले पनि महसुस गरेको।

**संस्थासँग अपेक्षा**

- संस्थाले तालिम दिएका शिक्षकहरुले कस्तो सामग्री प्रयोग गरेर, कसरी कक्षा संचालन गरिरहनु भएको छ त्यसको फलो अप गर्नुपर्ने।
- जीवन उपयोगि सीप शिक्षाको तालिम पाएका सम्पूर्ण शिक्षकहरु बिच मासिक रुपमा नभए त्रैमासिक रुपमा आफूले आफ्नो विद्यालयमा कसरी कक्षा संचालन गरेको र त्यसले विद्यार्थीहरुमा कस्तो प्रभाव पारिरहेको छ भनेर डाटाबेसमा रहेर अन्तरक्रिया कार्यक्रम संचालन गर्दा बढी प्रभावकारी हुने।

***परियोजनाः जीवन उपयोगि सीप शिक्षा***

### ४. समूहः विद्यार्थी भाइबहिनीहरु

**अनुभव/भनाई :**

- जीवन उपयोगी सीप शिक्षा कक्षाबाट आफूहरु जस्ता विद्यार्थी साथीहरुलाई धेरै फाइदा पुगेको
- यस कक्षाबाट आफ्नो लक्ष्यमा पुग्न कति मेहेनत गर्नुपर्ने , आफ्नो क्षमता अनुसार आफ्नो लक्ष्य निर्धारण गर्ने तरीकाहरु सिक्ने मौका पाएको।

- विद्यार्थीहरुलाई पढाईसँगसँगै व्यवहारी ज्ञान पनि आवश्यक पर्दछ। यस कक्षाबाट आफूहरु पहिला भन्दा केही अनुशासीत भएका महसुस गरेका छौं ।



- शिक्षक लगायत अभिभावकहरुले पहिला भन्दा जीवन उपयोगी सीप शिक्षा कक्षाबाट आफूहरुको आत्म विश्वास बढेको बताउनु भएको छ ।
- जीवन उपयोगी सीप शिक्षाको तालिम लिनुभएको शिक्षकहरुले अन्य शिक्षकहरु भन्दा बढी कुरा सरल तरिकाले बुझ्ने र बुझाउने गर्नुहुन्छ ।

**संस्थासँग अपेक्षा :**

- बढ्दो उमेरका बालबालिकाहरुका लागि जीवन उपयोगि सीप शिक्षा अति नै आवश्यक भएको हुदा यस शिक्षालाई निरन्तरता दिनुपर्ने ।

***परियोजनाः समुदायमा आधारित बालसंरक्षण परियोजना***

**५. समूहः बाल क्लव तथा बाल मञ्चका बालबालिकाहरु**

**अनुभव/भनाई :**

- प्रत्येक महिना बाल क्लवको बैठक बस्ने गरेको ।
- बाल क्लवमा आवद्धता भएपछि आफ्नो बोल्ने सीपको विकास, नेतृत्व लिने क्षमता बढेको, बाल अधिकार र बाल कर्तव्यको बारेमा राम्ररी बुझ्ने मौका पाएको ।
- बाल क्लव मार्फत घरदैलो कार्यक्रम गरी जन्मदर्ताको महत्वको बारेमा समुदायका व्यक्तित्वहरुलाई बुझाउनुका साथै आफ्नो टोलमा कति बालबालिकाका जन्मदर्ता भएका र नभएका भनि वडालाई जानकारी गराएको ।
- बाल क्लवले विभिन्न कार्यक्रम जस्तै हाजिरी जवाफ, नृत्य प्रतियोगिता, वक्तृत्वकला, सरसफाई कार्यक्रम आदी आयोजना गरेको ।



- संस्थाले समुदाय, वडा र महानगर गरी तिनै तहमा बालबालिकाको संरक्षणका लागि काम गरेको ।
- तिनै तहमा बालबालिकाको समस्यालाई प्राथमिकता दिदैं बालबालिका सम्बन्धि ऐनमा काम गर्न सहजीकरण गरेको ।
- बाल क्लवहरु दर्ता गर्न सहयोग गरेको ।

- बालबालिकाको नेतृत्व विकास लागि संस्थाद्धारा विभिन्न विषयहरु जस्तै उमेर अनुसार हुने परिवर्तनलाई कसरी व्यवस्थापन गर्ने, बाल संरक्षण आदी विषयमा सहजिकरण गरेको ।
- संस्था र संस्थाका कर्मचारीहरुबाट एकदमै खुसि भएको ।

**संस्थासँग अपेक्षा**

- संस्थाको सहयोग नपाएको भए बाल अधिकार, बालबालिका सम्बन्धि ऐनको बारेमा यति धेरै जानकारी हुदैन थियो । यो परियोजनाले बालबालिको क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याएकोले यस कार्यक्रमलाई थप निरन्तरता दिनुपर्ने ।
- आफ्नो बाल क्लवलाई खेलकुदका सामग्री थप दिनुहोला ।
- बाल क्लवको जर्सी बनाईदिनु होला ।

***परियोजनाः समुदायमा आधारित बालसंरक्षण परियोजना***

**६. समूहः बालसंरक्षण समितिका सदस्य र अभिभावक**

**अनुभव/भनाईः**



- बालबालिकाको शिक्षामा गुणस्तर ल्याउन, बालबालिकाको भविष्यको लागि परिवार र समुदायको योगदान के कस्तो हुन सक्छ भन्ने बारेमा सहजीकरण गरेको ।
- अभिभावकले पनि बालबालिकाको भविष्यका लागि उनीहरुको साना साना कुरामा साथ दिनुपर्छ ।
- परियोजनाको सुरु सुरुमा अभिभावकहरुले आफ्ना छोराछोरीलाई बैठकमा सहभागि हुन पठाउदैन थिए तर अहिले अभिभावकहरु आफै उत्साहित हुदै बैठकमा पठाउने गरेका छन् ।
- बाल क्लवमा आवद्ध भएका बालबालिका अन्य बालबालिका भन्दा बढी अनुशासित र जिम्मेवार छन् ।
- आफ्नो समुदायका बालबालिकामा आएको यस्तो सकरात्मक परिवर्तनले गर्दा आफूले निःशुल्क बालसंरक्षण समितिमा रहेर समाजसेवा गरिरहेको ।

**संस्थासँग अपेक्षा :**

- बालबालिकालाई जस्तै अभिभावकलाई पनि बेला बेलामा बालबालिका सम्बन्धित विषयमा थप सहजिकरण गर्नुपर्ने ।

- बालबालिकाको पढाईमा गुणस्तर बढाउन र उनीहरुको क्षमता अभिवृद्धिका लागि संस्थाले एउटा टिउसन शिक्षकको व्यवस्था गरिदिए आफूहरु थप आभारी हुने ।
- बढ्दो उमेरका बालबालिकाको लागि मासिक रुपमा मनोविमर्श सेवा प्रदान गरीदिनुहोला ।
- यो परियोजनालाई पुन संचालन गरिदिनुहोला ।

*परियोजना: अपाङ्गता भएका बालबालिकाहरुको पूनर्स्थापनाकोलागि क्षमता अभिवृद्धि कार्यक्रम*

**७. समूह : अभिभावक (मस्तिष्क पक्षघात)**

**अनुभव/भनाई :**

- विगत ३ वर्ष देखि संस्थाको सहयोग पाईरहेको ।
- मस्तिष्क पक्षघात भएको आफ्नो छोरीको स्वास्थ्यमा सुधार ल्याउनका लागि एउटा कुर्चि, थेरापी बल र केहि औषधिहरु पाएको ।



- संस्थाले भने जति थेरापीको अभ्यास गराउन नसकेको हामी अभिभावकको कमजोरी हो ।
- संस्थाले बेलाबेलामा हामी अभिभावकहरुलाई पनि बच्चालाई कुन पोजिसनमा बसाउने, सुताउने, हात खुट्टाको मसाज कसरी गर्ने, कस्तो व्यवहार गर्ने, स्याहार कसरी गर्ने आदि सिकाउने गरेको ।
- प्राय: महिनामा एक पटक डाक्टर र संस्थाको कर्मचारीहरु घरमा नै आएर चेकजाच गर्ने र थेरापी सिकाउने गरेको ।
- होम भिजिट बाहेक पनि अभिभावकले आफ्नो छोरीको दिनचर्याको भिडियो बनाएर संस्थाको कर्मचारीलाई पठाउने गरेको र त्यस भिडियोको आधारमा संस्थाको कर्मचारीले थेरापी टिप्सहरु दिने गरेको ।
- हाल आफ्नो छोरी सिद्ध मा.वि मा यू.के जी मा पढ्दै छ । उसलाई पढ्न एकदमै रुचि छ ।
- संस्थाका कर्मचारीहरुको व्यवहार सरल र सभ्य रहेको ।

**संस्थासँग अपेक्षा**

- संस्थाले सिकाएको थेरापीबाट छोरीको हिडाई, बोलाई र बुझ्ने क्षमतामा धेरै सुधार आएको हुनाले मस्तिष्क पक्षघात भएका बालबालिकाको स्वास्थ्य सुधारका लागि थेरापी र अभिभावसँग हुने अन्तरक्रियालाई कार्यक्रमलाई निरन्तरता दिनुहोला ।

*परियोजनाः अपाङ्गता भएका बालबालिकाहरुको पुनर्स्थापनाको लागि क्षमता अभिवृद्धि कार्यक्रम*

**८. समूहः अभिभावक (अटिजम)**

**अनुभव/भनाई :**

- पहिला आफूहरुलाई अटिजम भनेको के हो ? यसको
- लक्षण कस्तो हुन्छ भन्ने पनि केहि थाहा नभएको । बाबुको व्यवहार देखेर अस्पताल चेकजाच गर्दा अटिजम भन्ने थाहा पाएको ।
- छिमेकी साथीबाट संस्थाको बारेमा थाहा पाएको । विगत ३ वर्षदेखि संस्थाको सहयोग पाईरहेको बच्चाको स्वास्थ्यमा सुधार ल्याउन र सहज वातावरण सिर्जना गर्नका लागि तयर्षभित अजबष्च, थेरापी बल, केहि खेलौना लगाायत केहि सामान्य औषधिहरु दिएको ।
- संस्थाको सहयोग पाउनु पूर्व बाबु धेरै रिसाउने, र्याल चुवाउने , एक्लै बस्ने, दिसा पिसाब जता पनि गर्ने गर्थ्यो । संस्थाबाट सिकाएको थेरापीले हाल बाबु आँखा जुधाएर हेर्ने , दिसा पिसाब तर्काउने , अन्य व्यक्तिहरुसँग पनि बस्ने , कम रिसाउने जस्ता  धेरै सकरात्मक परिवर्तन आएको छ ।
- होम भिजिट बाहेक पनि आफूहरुले बच्चाको दिनचर्याको भिडियो बनाएर संस्थाको कर्मचारीलाई पठाउने गरेको र त्यस भिडियोको आधारमा थेरापी टिप्सहरु दिने गरेको ।



- सबैभन्दा राम्रो पक्ष भनेको संस्थाले सहयोग गरेका सबै अपाङ्गता भएका बालबालिकाहरुको अभिभावक/आमाहरुको लागि उबचभलतक ᴒगतगबा नचयगउ बनाएको छ । जसमा सबै अभिभावहरुले आफ्नो बच्चामा आएका सुधारहरुलाई, आफ्नो बच्चाको बानी व्यवहारहरु र आफ्नो दुखेसो व्यक्त गर्ने थलो बनेको छ । आफूहरु जस्ता अभिभावकलाई मन बुझाउने तथा बच्चाको सुधारमा सहयोग मिलेको ।

**संस्थासँग अपेक्षा :**

- संस्थाको सहयोग नपाएको भए आफ्नो बच्चामा यति सुधार आउदैन थियो । बच्चाको स्वास्थ्यमा थप सुधार ल्याउन र केहि मात्रामा भएपनि आत्मनिर्भर बनाउन संस्थाको यो सहयोग निरन्तर रहिरहोस् ।

*९. समूह : आशा स्वास्थ्य सेवा (UHC – 15 का कर्मचारी)*

**अनुभव/भनाई**

- यस संस्थाले शहरी स्वास्थ्य केन्द्रलाई भवन र एक जना कर्मचारीको व्यवस्था गरेको छ ।
- कर्मचारीको व्यवस्थापनका कारण विरामीको चेकजाच गर्न सहज भएको छ ।

*१०. समूह : समुदायका सेवाग्राही*

**अनुभव/भनाई**

- संस्थाको कम्पाउड भित्र नै शहरी स्वास्थ्य केन्द्र भएकोले
- सामान्य उपचार गराउन सहज भएको ।
- गर्भवति जाँचका साथै झाडापखाला, ज्वरो, पेट दुख्दा, प्रेसर नाप्नका साथै सुगर टेस्ट जस्ता सुविधा पाउदा मेडिकल जाने पैसा र समय बचत भएको ।
- नेपाल सरकारले निःशुल्क उपलब्ध गराएका औषधि बाहेक पनि अन्य औषधीहरु सुपथ मुल्यमा पाउने गरेको ।



**संस्थासँग अपेक्षा :**

- X-ray , रगत जाच्ने ल्याव आदीको सुविधा भए अझै बढी सहज हुने ।

**ञ) संस्थाद्धारा संचालित परियोजनाका सेवाग्राहिले प्राप्त गरेको सेवा सुविधाहरु :**

- सम्पर्क केन्द्र र सामाजिकिकरण केन्द्र मार्फत अस्थायी संरक्षण सेवा प्रदान
- विभिन्न चाडपर्व मनाउदै पारिवारिक वातावरण दिने प्रयास गरेको
- पोषणयुक्त खाना, सुरक्षित आवास र स्वास्थ्य उपचार सेवा
- आवश्यकता अनुसार पुनर्स्थापनाको लागि पारिवारिक सहयोग
- औपचारिक तथा अनौपचारीक शिक्षामा सहयोग

- कानुनी पहिचानको लागि सहयोग
- घटना व्यवस्थापन तथा स्याहार योजना
- बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षघात, र अटिजम भएका बालबालिकालाई साम्रागी सहयोग ।
- अपाङगता कार्ड बनाउन सहयोग
- जीवन उपयोगि सिप शिक्षा
- मनोविमर्श सेवा
- खेलकुद तथा मनोरञ्जन
- बालबालिकालाई क्षमता अभिवृद्धि हुने किसिमका विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागि हुने वातावरण सिर्जना गरेको ।
- पिकनिक तथा भ्रमण आदी

**ट) आ.व २०८० । ०८१ को बजेट**

| क्र.स | विवरण | आम्दानी | खर्च |
|---|---|---|---|
| १. | **विदेशी दातृ निकाय**<br>किडासा, HKSR, KODDI, पो.म.पा, राष्ट्रिय बालअधिकार परिषद्,<br>व्यक्तिगत सहयोग गर्ने संद्य संस्था तथा व्यक्तिहरु | रु. ३,१५,१९,६३७.०० | रु. २,९९,९०,९५३.०० |
| २. | **यस वर्षको बचत** | रु. १५,२८,६८३.०० | |
| ३. | **बाल गृहको अक्षयकोषमा बचत** | रु. १२,३१,७२३.४० | |

## ठ) विभिन्न निकायबाट अनुगमनमा आएका सुझाबहरु , कार्यान्वयनको अवस्था

| निकाय | सुझाबहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|
| जिल्ला समन्वय,पोखरा महानगरपालिका, राष्ट्रिय बाल अधिकार परिषद् | बालकहरुको स्वास्थ्य बिमा तथा कर्मचारिहरुको प्रहरी चारित्रिक प्रमाणपत्र बनाउने | हरेक बालकहरुको स्वास्थ्य बिमा गरेको । कर्मचारीहरुले प्रहरी चारित्रिक प्रमाणपत्र प्राप्त गरेका । |
| सामाजिक परिक्षण | पोषणविदको सिफारिसमा/प्रमाणित गरिएको खाना र खाजाको तालिका बनाउदा उचित रहने । | सोहि बमोजिम महानगरपालिकाको स्वास्थ्य महाशाखाबाट प्रमाणित गरि टास गरेको .। |
| | बालबालिकाको आत्मबल बढाउन र क्षमता अभिवृद्धि गर्न कराते कक्षा, म्यूजिक कक्षा संचालन गर्दा बालबालिका बढी खुसी रहने । | बालकहरु आफ्नो चाहना अनुसार बिभिन्न खेलकुदमा र केही करातेमा संलग्न भएका । म्युजिक कक्षा केहि थप गरेको । |
| सामाजिक परिक्षण | बालबालिका, कर्मचारी, पदाधिकारी तथा आगन्तुकले पालना गर्नुपर्ने आचार संहितालाई सबैले देख्ने गरेर टास्नुपर्ने । | सबैले देख्ने गरेर टासिएको |

| | | |
|---|---|---|
| प्रत्यक्ष र अप्रत्यक्ष सेवाग्राहीहरु | गरिवीको कारण सडकमा आएका बालबालिकालाई परिवारमा पुनर्स्थापना पछि पनि उच्च शिक्षा तथा सिपमूलक तालिम प्रदान गरी रोजगारीमा सहयोग गरोस् । | प्रयास गरिरहेको । |
| | संस्थाले संचालन गरेका परियोजनाहरुलाई निरन्तरता दिदै जाओस् । | आवश्यकता तथा दाताको रुचि अनुसार भईरहेको । |
| सामाजिक परिक्षण | सरोकारवालाहरु ( स्थानीय तह, प्रदेश तह लगायत राष्ट्रिय बालअधिकार परिषद् एवम् मातहतका निकायहरुसँग थप निरन्तरता दिदैं सहकार्य गर्ने र अनुगमन गर्दा दिइएका सुझाबलाई पनि अझै कार्यान्यवन गर्दै जाने । | सबै सुझाबलाई कार्यान्वयन गर्ने प्रयास गरेको । |

**ड) संस्थाको सबल पक्षहरु**

- संस्थाको आफ्नै भौतिक संरचना, अचल सम्पति र चल पुँजी रहेको ।
- दातृ निकायहरुसँगको सुमधुर सम्बन्ध रहेको ।
- कार्यक्रमहरुको दिगोपनको लागि क्षमता विकास सहित सम्बन्धित निकायमा हस्तान्तरण गरेको ।
- बालबालिका संरक्षण मापदण्ड २०८० निर्माण गरी कार्यान्यवन गरिएको ।
- बाल अधिकारको संरक्षण तथा प्रर्वधनमा तिनै तहको सरकारसँग समन्वय र सहकार्य गरेको ।
- विद्यालयस्तर , समुदाय स्तरको कार्यक्रमबाट किशोरकिशोरीहरुका लागि परिवर्तन र परिणाममुखि बनाउन जीवन उपयोगि सिप शिक्षा प्रदान गरेको ।
- दिगो विकासका १७ ओटा लक्ष्यहरुलाई संस्थाले आफ्ना परियोजनामा समाबेस गर्ने कोसिस गरेको छ । ( ज्योती संरक्षण तथा विकास कार्यक्रम अस्थाई संरक्षण सेवाका लागि विषेश गरी बुदा नं. १ र १६ मा, जीवन उपयोगि सीप शिक्षा परियोजनाका लागि बुदा नं. ४ , अपाङ्गता भएका बालबालिकाहरुको पुनर्स्थापनाको लागि क्षमता अभिवृद्धि कार्यक्रम का लागि विषेश गरी बुदा नं. १० मा क्रियाशिल रहेर आफ्ना परियोजना संचालन गरिरहेको ।)

**ढ) संस्थाका समस्या र चुनौतीहरुः**

- बालबालिकाको जन्मदर्ता बनाउन र परिवारको कानुनी पहिचानमा समस्या ।
- दातृ निकायसँग परर्निभर हुनुपर्ने अवस्था ।
- बालबालिकाका आफन्त तथा अभिभावकहरुले बालबालिकाको अभिभावकिय जिम्वेवारी नलिने ।
- अभिभावकहरुले आफ्नो बच्चा अपाङ्ग हो भनेर स्वीकार गर्न कठिन ।
- परिणाममुखि भन्दा पनि समय सिमामा केन्द्रित परियोजनाहरु
- संघ, प्रदेश तथा स्थानिय स्तरमा बालबालिका प्रतिको दायित्वमा कम रुचि
- सरकारी तहमा व्यवहारीक विकास भन्दा पनि पुर्वाधार विकासमा केन्द्रित योजना, बजेट तथा बजेट रकामनान्तर भएको ।

**ण ) चुनौती कम गर्न गरिएका प्रयासहरु**

- बालबालिकाको पहिचानको लागि निरन्तर प्रयास र समाधानका उपायको खोजि
- दातृ निकाय सँग निरन्तर समिक्षा बैठक तथा छलफलहरु
- बालबालिकाको परिवारलाई भेटि दायित्व बोध गराउन प्रयासरत
- अपाङ्गता, बालसंरक्षण सम्बन्धि पैरवी तथा क्षमता बिकास कार्यक्रम संचालन
- परिणाममुखि परियोजनाहरुको लागि प्रस्तावना पेश
- नियमीत भेटघाट, समिक्षा तथा अन्य कार्यक्रम

**त) सिकाईहरु :**

- धैर्यता, सहकार्य, प्रयासरत, समयको महत्व
- समाबेशिता भन्दा समतामा ध्यान दिनुपर्ने
- कानुनी तथा संरचनागत व्यवस्थाहरुको बारेमा अद्यावधिक रहनुपर्ने
- सरकारी लक्ष्य अनुसारको परियोजना बिकास गर्नुपर्ने ।

**थ) भावी योजना :**

- संघीय सरकारको सहयोगमा समेत संचालित प्रदेश स्तरीय ज्योति संरक्षण तथा विकास परियोजनालाई निरन्तरता दिई परिवार केन्द्रित कार्यक्रम संचालन गरि पुनर्स्थापनालाई सबल गर्ने ।
- अपाङ्गता परियोजनाको क्षेत्रगत विस्तार गर्ने साथै अटिजम अपाङ्गता भएका बालबालिकाको स्याहार केन्द्रको संभाव्यता अध्ययन गरी अटिजम स्याहार केन्द्र संचालन गर्न प्रयास गर्ने ।

- समुदायमा आधारित बाल संरक्षण परियोजनाको क्षेत्रगत विस्तार गरि निजि क्षेत्रको समेत संलग्नतामा प्रदेश स्तरमा संचालनको लागि पहल गर्ने ।
- ५ वर्षे (२०८१ देखि ८५ सालको) संस्थाको रणनिति योजना निमार्ण कार्यान्वयन गर्ने ।

**द) निश्कर्ष :**

- कार्य जिम्मेवारी प्रति संवेदनसील कर्मचारी भएको ।
- गृहमा आश्रय लिइरहेका बालकहरुका लागि शिक्षा, स्वास्थ्य र तालिका अनुसार खानाको व्यवस्था गरिएको ।
- कर्मचारीको क्षमता अभिविृद्धिका लागि विभिन्न तालिमहरुमा सहभागि हुने अवसर प्रदान गरेको ।
- बालबालिकाको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरुमा सहभागि गराईएको ।
- विभिन्न परियोजना अन्तर्गत गरिएका कार्यक्रमहरुको रेर्कडहरुलाई व्यवस्थित तरिकाले अद्यावधिक गरिएको ।
- गृहबाट पुनर्स्थापना गरिएका बालबालिकाको २ वर्ष सम्म फलो अप गरी रेर्कड पनि गरिएको ।
- विभिन्न सरोकारवाला निकायबाट अनुगमनमा आउनुभएका व्यक्तित्वहरुले दिनुभएको सुझावहरुलाई कार्यान्वयन गर्ने प्रयास गरेको ।
- सेवाग्राहिहरुसँग कर्मचारीको व्यवहार सरल र सभ्य रहेको ।
- प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सेवा पाईरहेका सेवाग्राहीहरुले संस्थाको बारेमा सकरात्मक टिप्पणीहरु दिएका ।

**ध) सहभागीहरु र सहजकर्ताको भनाई र सल्लाह सुझाबहरु**

| क्र.स. | सहभागि | सल्लाह सुझाबहरु |
|---|---|---|
| १. | सेवाग्राही | सडक बालबालिकालाई सडकबाट संस्थामा ल्याई पारिवारिक वातावरणमा शिक्षा, स्वास्थ्य, पौष्टिक खानेकुरा सहित आवसीय संरक्षण प्रदान गरीरहेको संस्थाको अस्थाई संरक्षण सेवामा आश्रित बालक अबित तामाङ्गले बताउनुभयो ।<br>हाल आफू ज्योती बाल क्लवको अध्यक्ष भएको पनि जानकारी दिनुभयो । |

| | | |
|---|---|---|
| २. | जनप्रतिनिधि | कार्यक्रमका प्रमुख अथितिका रुपमा रहनुभएका पोखरा महानगरपालिका वडा नं. १५ का वडा अध्यक्ष तोरण बहादुर बाँनियाले संस्थाको बारेमा आफूलाई धेरै नै जानकार भएको बताउनुभयो ।<br><br>संस्थाले आफ्नो लक्ष्यमा पुग्न स्वास्थ्य सेवा , अपाङ्गताको क्षेत्रमा र विषेश गरी बालबालिकाको अधिकार र संरक्षणका लागि जीवन उपयोगी सीप शिक्षा र अस्थाई संरक्षण सेवा प्रदान गरिरहेको बताउनुभयो ।<br>यो संस्था वडा नं. १५ मा भएकोले आफू एकदमै खुसी भएको जानकारी दिनुभयो । भविष्यमा संस्थाले यस्तै उल्लेखनीय काम गर्दै जाओस् भनि शुभकामना व्यक्त गर्नुभयो । |
| ३. | सरकारी निकाय | पोखरा महानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्माले सामाजिक परीक्षणबाट संस्थाको बारेमा प्रष्ट रुपमा जानकारी पाएको बताउनुभयो ।<br>पोखरा महानगरपालिका भित्र धेरै गैर सरकारी संस्थाहरु छन् तर कम संस्था मात्रै क्रियाशिल रहेको र त्यसमा पनि बालहितकारी परियोजना नेपाल आफ्नो काम प्रति अझै क्रियाशिल देखिएकोले महानगरपालिका संस्थाप्रति सकरात्मक रहेको बताउनुभयो ।<br>संस्थालाई यो स्थान सम्म पुऱ्याउन योगदान दिनेहुने कर्मचारी तथा पदाधिकारीहरुलाई धन्यवादका साथै बधाई पनि व्यक्त गर्नुभयो ।<br>सडक बालबालिकाको व्यवस्थापनमा गरेको कार्य सराहनिय भएको अबका दिनमा संस्थाले पुनर्स्थापना योजनालाई बढी प्रभावकारी बनाउनुपर्ने र घर परिवारमा पुनर्स्थापना गरेका बालबालिका पुन सडकमा आउन नहुने बताउनुभयो ।<br><br>विद्यार्थीका लागि जीवन उपयोगी सीप शिक्षा कक्षा संचालन गरेर, शिक्षकहरुलाई तालिम दिएर, बाल क्लव दर्ता गरेर बालबालिकाको अधिकार र संरक्षणका लागि राम्रो प्रयास गरेको छ । संस्थाको भावी योजनामा रहेको अपाङ्गता परियोजनाको क्षेत्रगत विस्तार गर्ने साथै अटिजम अपाङ्गता भएका बालबालिकाको स्याहार केन्द्रको संभाव्यता अध्ययन गरी अटिजम स्याहार केन्द्र संचालन गर्न प्रयास गर्ने प्रतिको विचारलाई विषेश धन्यवाद दिदैं पोखरा महानगरपालिकालाई बालमैत्रि बनाउन संस्थाको साथ र सहयोग आवश्यक पर्ने पनि जानकारी गराउनुभयो । |

| | | |
|---|---|---|
| | | पोखरा महानगरपालिका शिक्षा महाशाखा, अधिकृत रामप्रसाद तिवारीले सामाजिक परीक्षणमा धेरै कुरा स्पष्टसँग आएको बताउनुभयो । शिक्षा शाखाको समन्वयमा संस्थाले शिक्षकहरुलाई जीवन उपयोगि सीप शिक्षाको TOT तालिम सहजीकरण गरेको बताउनुभयो ।<br>किशोर उमेरका विद्यार्थी भाइबहिनीहरुको भविष्य उज्वल बनाउन, कुलतबाट बचाउन जीवन उपयोगी सीप शिक्षा कक्षाले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।<br>संस्थाले बालबालिकाको हक, हित , संरक्षण तथा बालबालिकाको क्षमता अभिवृद्धि गर्ने हेतुले विभिन्न अवसरहरु प्रदान गरेको पनि देखिन्छ । बालबालिकाको संरक्षणका लागि संस्थाले गरेका कार्यहरु एकदमै सराहनीय रहेकाले यस्ता कार्यलाई निरन्तरता दिदैं जाओस् भन्दै आगामी दिनका लागि संस्थालाई शुभकामना दिनुभयो । |
| | | पोखरा महानगरपालिका, बाल कल्याण अधिकारी बेलकुमारी गुरुङले बालबालिकालाई सडक बालबालिका हुनबाट रोक्ने कार्यमा सबैभन्दा ठूलो भूमिका उसको आमाबुबा तथा परिवार हुन्छ ।<br>सडक बालबालिकाको व्यवस्थापनका लागि संस्था र महानगरपालिका सहकार्य गर्दै काम गरिरहेको तर अझै पनि केही कार्य पूरा गर्न बाँकी नै रहेको बताउनुभयो ।<br>घर परिवारमा सुरक्षित वातावरण नपाएर बालबालिका सडकमा आउने हुन् त्यसैले अभिभावकले आफ्नो छोराछोरी प्रति आफ्नो दायित्व निर्वाह गर्नुपर्ने जानकारी दिनुभयो । |
| ४. | स्वास्थ्यकर्मी | वडा नं. २८ की स्वास्थ्यकर्मी सन्जु शर्माले संस्थाले अपाङ्गता भएका व्यक्ति , उनीहरुको संरक्षक, आफूहरु जस्ता स्वास्थ्यकर्मीहरु तथा सरोकारवालाहरुको उपस्थितीमा २ दिने अपाङ्गता सम्बन्धि पौरखी कार्यक्रम आयोजना गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो । यस कार्यक्रममा सहभागि भए पश्चात आफूले वडा तथा स्वास्थ्य केन्द्र लगायत समुदायमा पनि अपाङ्गता भएका व्यक्तिलाई विषेश ध्यान दिने गरेको बताउनुभयो । |
| ५ | बाल क्लव / बालमञ्च | बाल क्लव नभएको आफ्नो वडामा बाल क्लव गठन गरी बाल क्लव दर्ता गर्न सम्म संस्थाले सहयोग गरेको बाल क्लवका एक सदस्यले बताउनुभयो । |

| | | |
|---|---|---|
| | | बालक्लबको सदस्य भएपछि आफूले बालअधिकार, बाल कर्तव्य र बाल संरक्षणको बारेमा धेरै जानकारी पाएको । आफ्नो क्षमता अभिवृद्धि गर्न सहयोगगरेकोमा संस्था रसंस्थाका कर्मचारीलाई धेरै धेरै धन्यवाद प्रकट गर्नुभयो । |
| | | रश्मी गौतमले संस्थाको साथले गर्दा आज आफू बाल क्लवको सदस्यबाट सुरु गरेको यात्रा हाल महानगर बालमञ्चको सचिव भएको बताउनुभयो ।<br>आफूमा आएको यो आत्मबल , हिम्मत सबै संस्थाको देन रहेको बताउनुभयो । बालबालिकाको अधिकारको संरक्षणका लागि संस्थाले गरेका कार्य उदारणीय रहेको बताउदै संस्थाको कार्यप्रति आभार रहेको बताउनुभयो । |
| ६ | अभिभावक | मस्तिक पक्षघात, अटिजम भएका बालबालिकाका अभिभावकको भनाईमा संस्थाको सहयोगमा आफ्ना छोराछोरीलाई विभिन्न थेरापीहरु गराइएको जसको कारण हाल उनीहरुको स्वास्थ्यमा सुधार आएको बताउनुभयो ।<br>संस्थाका कर्मचारीहरुले घरमा आएर पनि चेकजाच गर्ने, बालबालिकाको भिडियो हेरेर आवश्यकता अनुसार थेरापी टिप्सहरु दिएर पनि होला आफ्ना छोराछोरीमा आफूले सोचेको भन्दा छिटो उनीहरुको स्वास्थ्यमा सुधार आएको ।<br>संस्थाले अपाङ्गता भएका बालबालिकालाई मात्र नभई उनीहरुको संरक्षकलाई अपाङ्गता भएका बालबालिकालाई कसरी स्याहार गर्ने, कस्तो व्यवहार गर्ने भन्ने विषयमा तालिम पनि दिने गरेको जुन आफूहरुलाई संस्थाको सबैभन्दा उत्कृष्ट पक्ष लागेको बताउनुभयो । |
| | | अभिभावक सुनिता सुनारले संस्थाबाट अपाङ्गता भएका व्यक्तिलाई हेरचाह र स्याहार सम्बन्धि तालिम पाए पश्चात आफूले अटिजम भएका बालबालिकालाई पढाउने विद्यालयमा अभिभावकहरुलाई १ दिने अभिमूखी कार्यक्रममा सहजीकरण गरी धेरै अभिभावकलाई आफूले जानेको ज्ञान सीप बाढ्ने अवसर पाएको ।<br>संस्थाको यो साथ र हियोगका लागि संस्थाप्रति आभार रहेको बताउनुभयो । |

| | | |
|---|---|---|
| ७ | विद्यार्थीहरु | जीवन उपयोगि सीप शिक्षा कक्षाबाट विद्यार्थीहरुले खराब लतबाट कसरी छुटकारा पाउन सकिने, आफ्नो लक्ष्य कसरी निर्धारण गर्ने, तनाबलाई कसरी व्यवस्थापन गर्ने आदी विषयमा कक्षा लिने अवसर पाएका ।<br><br>जीवन उपयोगी सीप शिक्षा वास्तवमा नै आफूजस्ता विद्यार्थीहरुलाई आवश्यकता भईरहेने भएकाले यो परियोजनालाई धेरै भन्दा धेरै विद्यालयमा संचालन गरीयोस् । |
| ८<br>.. | शिक्षकहरु | विभिन्न विद्यालयबाट प्रतिनिधित्व गर्दै आउनुभएका शिक्षकहरुको एउटै भनाई रहेको थियो । हप्ताको एक दिन संचालन हुने जीवन उपयोगि सीप शिक्षाले चमत्कार गरेको छ। विद्यार्थी भाइबहिनीहरुमा आएको सकरात्मक परिवर्तन देखेर हामी शिक्षकहरु धेरै खुसी छौं । बास्तवमा नै  जीवन उपयोगि सिप शिक्षा यति नै महत्वपूर्ण विषय रहेछ भन्ने महसुस पनि गरेको बताउनुभयो ।<br><br>जीवन उपयोगि सीप शिक्षा कक्षाबाट विद्यार्थीहरुले खराब लतबाट कसरी छुटकारा पाउन सकिने, आफ्नो लक्ष्य कसरी निर्धारण गर्ने, तनाबलाई कसरी व्यवस्थापन गर्ने आदी विषयमा कक्षा लिने अवसर पाएका छन्। संस्थाले विद्यालयका २ / २ जना फोकल शिक्षकहरुलाई पनि तालिम दिएर कक्षा संचालनमा सहजीकरण गर्न सक्ने बनाएको छ ।<br>संस्थाको यो कक्षाबाट धेरै किरोरकिशोरीहरुलाई कुलतमा फस्नबाट बचाएको छ। राज्यलाई असल नागरिक तयार गर्दै छ। संस्थाको यो कार्य एकदमै सरानिय छ ।<br>आगामी दिनमा यो कार्यक्रमलाई निरन्तरता दिनुहुनका लागि संस्थालाई आग्रह गर्नुभयो । |
| ९. | विभिन्न संद्य संस्थाका व्यक्तिहरु | विभिन्न संद्य संस्थामा आवद्ध रहनुभएका व्यक्तित्वहरुको प्रतिनिधित्व गर्दै गै.स.स कास्कीका अध्यक्ष बुद्धि बहादुर थापाले सामाजिक परीक्षणबाट संस्थाले पारदर्शी रुपमा काम गरिरहेको देखियो । शिक्षा महाशाखासँग समन्वय गरेर जीवन उपयोगी सीप शिक्षा संचालन गरीरहेको पक्ष एकदमै सकरात्मक लागेको बताउनुभयो । |

| | | |
|---|---|---|
| | | संस्थाले भविष्यमा जलवायु परिवर्तन र मानसिक स्वास्थ्यमा पनि काम गर्नुपर्ने सुझाब दिनुभयो ।<br>आगामी दिनमा पनि संस्थाले आफ्ना सकरात्मक कार्यलाई निरन्तरता दिदैं जाओस् भन्दै उत्तररोत्त प्रगतिको कामना गर्नुभयो । |
| १० | दातृ निकाय | यस सामाजिक परीक्षण कार्यक्रमबाट सेवाग्राहीको कुराहरु प्रत्यक्ष रुपमा सुन्न पाएको । सबै सेवाग्राहीहरुको कुराबाट र सहजकर्ताको प्रस्तुतीबाट संस्थाले गरेको कार्यले समाजमा सकरात्मक प्रभाव पारेको महसुस गरेको किडाशाका, वित्त नियन्त्रक, वसन्त पराजुलीले बताउनुभयो ।<br>कुनै पनि दाताले संस्थालाई लामो समयसम्म सहयोग गरिरहन नसक्ने भएकाले पनि जीवन उपयोगी सीप शिक्षा विद्यालयमा निरन्तर चलिरहोस् भन्नाका लागि शिक्षकहरुलाई पनि तालिम प्रदान गरेको जानकारी गराउनुभयो । |
| .११. | सहजकर्ता | सहजकर्ताले संस्थालाई दिएका सुझाबहरु यस प्रकार छन् :<br>▪ सेवाग्राहीका अपेक्षाहरुलाई पुरा गर्ने कोसिस गर्नुपर्ने ।<br>▪ संस्थाको दिगोपनका लागि दातृ निकाय बाहेक अन्य विकल्पको पनि खोजी गर्नुपर्ने ।<br>▪ संस्थाका सफल पक्षलाई निरन्तरता दिनुपर्ने ।<br><br>सम्पूर्ण सरोकारवालाको भनाइ र सुझावलाई समेट्दै निस्कर्षमा सहजकर्ताले यस संस्थाले आफ्नो लक्ष्य पुरा गर्न संचालन गरेका कार्यक्रमहरुले समुदाय र राष्ट्रलाई ठूलो टेवा पुर्‍याउदै सकरात्मक प्रभाव पारेको बताउनुभयो ।<br>आगामी दिनमा संस्थाले विभिन्न सरोकारवाला व्यक्तित्वहरुले दिएका सुझाबहरुलाई कार्यान्यवन गर्दै हाल संचालित कार्यलाई पनि निरन्तरता दिदैं संस्था संचालन गर्दा समाज र राष्ट्रलाई थप टेवा पुग्ने प्रतिक्रिया दिनुभयो । |

संस्थाका अध्यक्ष श्री रामचन्द्र शर्माले सामाजिक परीक्षणमा आएका सुझावलाई संस्थाले सकरात्मक रुपमा लिएको बताउनुभयो । संस्थाले आफ्नो कार्यहरु आज भन्दा भोलि र भोलि भन्दा पर्सी झन् मेहेनत र राम्रोसँग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

संस्थालाई थप पारदर्शी र जिम्मेवार बनाउनका लागी विभिन्न सरकारी निकाय, बाल क्लव, आमा समूह, युवा समूहबाट आउनुभएका महानुभावहरुले यस सामाजिक परीक्षण कार्यक्रम दिनुभएका सल्लाह सुझावहरुलाई मनन गर्दै आगामी दिनहरुमा त्यसलाई कार्यान्यवन गर्दै जाने जस्ता प्रतिवर्द्धता व्यक्त गर्दै सम्पूर्ण सहभागिहरुलाई सक्रिय उपस्थितिका लागि धन्यवाद यापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो ।

**केही झलकहरु :**










CWSN
बालहितकारी परियोजना नेपाल
Child Welfare Scheme Nepal
सामाजिक परीक्षण (SOCIAL AUDIT)
आर्थिक वर्ष २०८०/०८१
मिति : २०८१ माघ १८ गते


(SOCIAL AUDIT)


(SOCIAL AUDIT)

**उपस्थिती :**



२०८१/१०/१८

आज मिति २०८१/१०/१८ गते तद्अनुसार ३१ जनवरी २०२५ का दिन बालहितकारी परियोजना नेपाल (CWSN) को आर्थिक वर्ष ०८०/८१ को सामाजिक परीक्षण तथा सार्वजनिक लेखाजोखा कार्यक्रम संस्थाका अध्यक्ष श्री रामचन्द्र शर्माको अध्यक्षतामा उल्लेखित विशिष्ट व्यक्तिहरु तथा सेवाग्राहीको उपस्थितिमा सम्पन्न गरियो :

तपशिल

१ अध्यक्ष श्री रामचन्द्र शर्मा
२ प्रमुख अतिथि श्री तोरण बहादुर थापा (वडा अध्यक्ष)
३ निर्देशक श्री निर्मला शर्मा (सामाजिक विकास अधिकृत)
४ वित्त नियन्त्रक श्री बसन्त पराजुली
५ शिक्षा अधिकृत श्री राम प्रसाद तिवारी
६ उपाध्यक्ष पार्वती पाण्डे
७ कोषाध्यक्ष लोकमणी सुवेदी
८ सचिव श्री दिल बहादुर भट्टराई
९ सदस्य श्री देवीमाया स्याङ मगर
१० अतिथि श्री डा. बुद्धि बहादुर थापा (मा.स. काठको)
११ अतिथि श्री अदित ढुङ्गाना, (अध्यक्ष ...)
१२ अतिथी श्री रश्मी गौतम (सचिव, महानगर बाल ... मञ्च, पोखरा)
१३ अतिथी श्री किरणबाबु न्यौपाने श्री रत्नज्योति मा.वि. पोखरा-२८ (प्र.अ.)
१४ श्री सहजु शर्मा बालिका स्वास्थ्य चौकी
१५ सेवाग्राही श्री रामराज पौडेल श्री महेन्द्र मा.वि. पोखरा
१६ सेवाग्राही सपना सुवेदी रेग्मी (अभिभावक)
१७ सीता देवी बराल पौडेल (शिक्षक श्री लक्ष्मी आदर्श मा.वि.)
१८ विद्यार्थी पुष्पा रसाइली
१९ सा. सदस्य श्री रमा भण्डारी 9846065650
२० उर्मिला विश्वकर्मा 9826117556
२१
२२ K.C. रुपा के.सी. पो.- ... 9846604161
२३ सचिव ... नेपाली
२४ सा. सदस्य ... 9846281703
... थापा
२५ मञ्जु देवी बगरेल

२६ ठा·ख्वा·के १५. सम्भना थापा (सि·अ·व·मी)

२६ टेकु प्रसाद प्रोक्ष फियाल
२८ कृष्ण गुरुङ, सिविन पोखरा
२९ पुष्पा गौतम मालेपाटन पोखरा
३० सरिश्मा भोर्जन नयाँगाउँ १५ पोखरा
३१ Sunita सुनिता सुनार, विरौटा १६ पोखरा
वडा गोपाल बाग्ले रा.वां.अ.५ र
बाल कल्याण अधिकारी श्री बेल कुमारी गुरुङ
३२ (pmc)
साहारी बाल आधारभूत. रविना परियार
३३ विद्यालय
साहारा बाल आधारभूत नेहा परियार
३४ विद्यालय
श्री अभिभावक मीना परियार
३५ मिना
सहजकर्ता श्री निकिता कोइराला
३६ कार्यकारी निर्देशक श्री ठाकुरप्रसाद चापागाई
३७ श्री सूर्य बहादुर भण्डारी
३८ श्री रत्न बहादुर गुरुङ
३९ का.संयोजक, CWSN श्री केशव पौडेल
४० श्री दुरमाया राना
४१ श्री संगीता भण्डारी
४२ श्री लिला लामा
४३ श्री राधिका आचार्य
४४ श्री प्रकृती पनेरु
४५ श्री ललिता डङ्गाना
४६ श्री सन्जु शाही
४७ श्री संगीता कोइराला
४८ श्री विमला अधिकारी
४९ Bimala श्री सुधा नेपाली
५० श्री श्रीधर अधिकारी
५१ श्री तिलकण्ठ अधिकारी
५२ तिलकण्ठ श्री सुरज नेपाली
५३ श्री आलिसा थापा
५४ आलिसा

१ विषय "सामाजिक परीक्षण"

१.निर्णय: मिति २०८१/१०/१८ मा सन्चालन भएको बालहित परियोजना नेपालको सामाजिक परिक्षण तथा सार्वजनिक बेलाजोखा कार्यक्रम वडा नं १५ का वडा अध्यक्ष श्री लोकेन्द्र बहादुर क्षत्रीयाको अध्यक्षता आतिथ्य मा सरोकारवाला संघ संस्था गरी जम्मा ५४ जनाको उपस्थितिमा सम्पन्न भयो। कार्यक्रम दुईकोटितर प्रकृयामा सन्चालन भएको थियो।

→ अध्यक्ष: श्री रामचन्द्र शर्मा
→ कार्यक्रम सन्चालन: श्री दिल बहादुर भट्टराई
→ प्रस्तुतीकरण
(i) संस्थाको जानकारी केशव पौडेल
(ii) सामाजिक परिक्षण सहकर्ता निकिता कोइराला
→ सेवाग्राहीको आवाज/भनाई
→ सरोकारवालाहरूको सुझाव
→ संस्थाको प्रतिबद्धता श्री रामचन्द्र शर्मा

प्रस्तुत प्रकृयाबाट आएका सल्लाह सुझाव र प्रतिकृया प्रत्यक्ष रुपमा सुनुवाइ भएको र त्यसको प्रतिवेदन सहजकर्ता निकिता कोइरालाबाट आएपछि संस्थागत रुपमा निर्णय गरि अगाडि बढ्ने निर्णय गरियो।